उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश, नेपाल

# प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान (चौथो संशोधन) मापदण्ड, २०८३

प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८ लाई संशोधन गर्न वान्छनिय भएकोले,

प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी उद्योग कृषि तथा सहकारी मन्त्रालयले देहायको मापदण्ड बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम " प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान (चौथो संशोधन) मापदण्ड, २०८३" रहेको छ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिदेखी लागू हुनेछ।

२. **प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८ मा संशोधनः** प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८ (यसपछि मूल मापदण्ड भनिएको) को दफा ३ को कार्यक्रम नं. ४३ भन्दा पछाडि देहायका कार्यक्रम थप गरिएको छः-

| सि.नं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| ४४. | सुपारी प्रशोधन यन्त्र उपकरण खरिद सहयोग कार्यक्रम | • यस कार्यक्रममा न्यूनतम १० हेक्टर क्षेत्रफलको काँचो/पाकेको सुपारी वा ३०० मे.टन काँचो/पाकेको सुपारी किसानबाट खरिद गरि प्रसोधन गर्ने समूह, सहकारी वा निजी उद्यमीले आवेदन दिन सक्नेछन । प्रसोधन सम्बद्ध भौतिक संरचना निर्माण र विद्युत जडान सञ्चालन आफैले गरेको हुनु पर्नेछ वा गर्नु पर्नेछ। | सुपारी प्रशोधनका लागि आवश्यक पर्ने यन्त्र उपकरण जस्तै सुपारी छोडाउने/ टुक्राउने/सफा गर्ने/सुकाउने/ ग्रेडिङ गर्ने मेशिन आदिमा कुल लागतको अधिकतम ५०% अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ। |
| ४५. | धान, मकै, गहुँ लगायतका बाली रोप्ने/गोड्ने मेशिनरी तथा Attachments खरिद सहयोग कार्यक्रम | • कार्यक्रममा समावेश हुनका लागि तराईका लागि न्युनतम खेती हुने जग्गा १० कट्ठा र पहाडका लागि ५ रोपनी हुनु पर्नेछ।<br>• सेटमा यन्त्र उपकरण तथा Attachments माग गर्ने र कष्टम हायरीङ सेन्टर स्थापना गरी मेशिनरी सेवा प्रवाह गर्ने निवेदकलाई कार्यक्रममा प्राथमिकता दिइनेछ। | सेटमा यन्त्र उपकरण तथा Attachments र कष्टम हायरीङ सेन्टर स्थापना गरी मेशिनरी खरिद तथा ढुवानीमा कुल लागतको अधिकतम ५०% अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ। |

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | | • Attachments भन्नाले देहाय बमोजिमका ट्र्याक्टर, पावर टिलर र मिनी टिलरमा जोडेर चलाईने थप सामाग्री बुझ्नुपर्छः-<br>○ मकै रोप्ने ह्याण्ड पुष सिडर/मकै गोड्ने कल्टीभेटर<br>○ धान छर्ने ड्रम सिडर/ धानको ब्याड राख्ने म्यानुअल सिडर<br>○ धान/गहुँ/मकै छर्ने पावर टिलर/टयाक्टरमा जोड्ने सिड ड्रिल/प्लान्टर/ सिड कम फर्टिलाईजर ड्रिलर<br>○ पेड्डी ट्रे / राइस ट्रान्सप्लान्टर / सब स्वाएलर / रिपर/थ्रेसर आदि | |
| ४६. | व्यवसायिक तरकारी उत्पादक किसानलाई यन्त्र उपकरण र मल्चिङ खरिद सहयोग कार्यक्रम | • कार्यक्रममा सहभागी हुन तराईमा न्यूनतम १० कठ्ठा, पहाडमा ५ रोपनी क्षेत्रफलमा तरकारी खेती गरेको हुनु पर्नेछ।<br>• यो कार्यक्रममा देहाय बमोजिमका मेशिनरी, सामाग्री तथा उपकरणहरुमा सहयोग उपलब्ध हुनेछ।<br>➢ मिनी टिलर/पावर टिलर/ Plastic Mulch Laying Machine<br>➢ रिज/बन्ड मेकर<br>➢ मल्चिङ प्लास्टिक /स्प्रेयर लगायत अन्य उपकरणहरु आदि। | यो कार्यक्रमक्रम अन्तर्गतको मेशिनरी, सामाग्री तथा उपकरणको खरिद तथा ढुवानीमा कुल लागतको ५० % अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ। |
| ४७. | व्यावसायिक मौरीपालक किसानहरुलाई मह उत्पादनका लागि घार तथा मह प्रशोधन सामग्री खरिद सहयोग कार्यक्रम | • कार्यक्रममा सामावेश हुन न्यूनतम २० वटा आधुनिक घारमा व्यावसायिक मौरीपालन गरी मह उत्पादन गर्दै गरेको हुनु पर्नेछ।<br>• कार्यक्रम मार्फत खाली घार (आधुनिक) र मह प्रशोधन सामाग्रीहरुको लागि मात्रै अनुदान उपलब्ध गराइने छ। घारमा गोला | यो कार्यक्रम अन्तर्गतको सामाग्री खरिद तथा ढुवानीमा कुल लागतको अधिकतम ५०% अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ। |

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | | राखे दायित्व सम्बन्धित लाभग्राहीको हुनेछ।<br>• यो कार्यक्रम अन्तरगत देहायका सामग्रीमा सहयोग उपलब्धं हुनेछः-<br>➢ आधुनिक मौरी घार/न्यूकिल्यस घार<br>➢ घार राखे स्टयाण्ड /Honey Extractor/ फिल्टर वा स्ट्रेनर<br>➢ घुम्टो/ Queen Gate/पन्जा/ब्रस/Bee hive tool/ मह प्याकेजिङ्ग मेशिन लगायतका प्रसोधन सम्बद्ध सामाग्रीहरु। | |
| ४८. | उत्पादन क्षेत्रमा तरकारी फलफूल सुकाउने सोलार ड्रायर प्रवर्द्धन कार्यक्रम | • कार्यालयले स्थलगत अनुगमन गरी आवेदक मध्येबाट प्राविधिक उपयुक्तता, उत्पादन अवस्था, कच्चा पदार्थको उपलब्धता, सोलार ड्रायर जडान गर्न उपयुक्त स्थानको व्यवस्था तथा सञ्चालन क्षमताको आधारमा प्रचलित कानून बमोजिम स्वीकृत बजेटको परिधिभित्र रही कार्यक्रम संचालन गर्न लाभग्राही छनौट गर्नेछ।<br>• यस कार्यक्रममा सहभागी हुन पहाडमा न्यूनतम ५ रोपनी र तराईमा १० कठ्ठा क्षेत्रफलमा तरकारी/फलफूलको व्यावसायिक खेती गरेको हुनु पर्नेछ वा फलफूल तथा तरकारी प्रसोधन सम्बन्धी व्यवसाय सञ्चालन गरेको हुनु पर्नेछ। | सोलार ड्रायर खरिद तथा ढुवानीका लागि कुल लागतको अधिकतम ५०% अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ। |
| ४९. | पदमार्ग प्रभाव क्षेत्र लक्षित कृषि उत्पादन कार्यक्रम | • जिल्लास्तर अनुदानग्राही छनोट समितिले नियमावलीको नियम १० (घ) बमोजिम संघिय वा प्रदेश स्तरमा सूचिकृत पदमार्गको प्रभाव क्षेत्रको एउटा वा सो भन्दा बढी पालिकाको निश्चित क्षेत्रमा कार्यक्रम संचालन गर्ने निर्णय गर्नु पर्नेछ। | यो कार्यक्रम अन्तर्गत उपलब्ध हुने निर्माण, मेशिन, उपकरण तथा सामाग्रीहरुमा कुल लागतको अधिकतम ७५% अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ। |

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | | • कार्यक्रममा सहभागी हुन कृषि उत्पादनका लागि तरकारी बालीको हकमा न्युनतम ३ रोपनी क्षेत्रफलमा वा थोपा सिंचाई सहितको १२*६ मिटर साईजको २ वटा प्लाष्टिक टनेलमा तरकारी खेती गरेको हुनु पर्नेछ।<br>• रैथाने बालीको हकमा न्यूनतम ७ रोपनी क्षेत्रफलमा बाली उत्पादन गर्नु पर्नेछ।<br>• च्याउ खेतिको हकमा न्यूनतम १४*२२ फुटको कम्तिमा २ वटा टहरा निर्माण गरी १५०० पोका कन्ये च्याउ खेती गर्नु पर्नेछ तथा १०० वटा मुढामा सिताके च्याउ खेती गर्नु पर्नेछ/<br>• मौरीपालनको हकमा न्युनतम २० घार आधुनिक वा १० घार परम्परागत घारमा मौरीपालन गर्नु पर्नेछ।<br>• यो कार्यक्रम अन्तर्गत देहायका निर्माण, मेशिन, उपकरण र सामाग्रीहरुमा सहयोग उपलब्ध हुनेछः-<br>➢ उत्पादन सामाग्री सहयोग (बीउ, बेर्ना/बिरुवा, विषादी, प्राङ्गारिक/जैविक मल, सुक्ष्म खाद्य तत्व, झोलमल, कृषि चुन, च्याउ उत्पादनको लागि पराल/मुढा, मल्चिङ प्लाष्टिक आदि)<br>➢ तरकारी खेतीका लागि संरचना निर्माण सहयोग (प्लाष्टिक टनेल)<br>➢ च्याउ खेतीका लागि टहरा निर्माण<br>➢ साना यन्त्र उपकरण (सिताके च्याउ उत्पादनको लागि ड्रिल मेशिन, मैन र Seed Gun Machine), सिंचाई पूर्वाधारमा<br>➢ उत्पादित वस्तुको प्रशोधन तथा वजारीकरण (प्लाष्टिक क्रेट, लेबलिङ, प्याकेजिङ आदि) | |

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ५०. | पदमार्ग प्रभाव क्षेत्रमा रैथाने तथा स्थानीय बाली संरक्षणका लागि सामुदायिक बीउ बैंक संचालन कार्यक्रम | • जिल्लास्तर अनुदानग्राही छनोट समितिले नियमावलीको नियम १०(घ) बमोजिम संघिय वा प्रदेश स्तरमा सूचिकृत पदमार्गको प्रभाव क्षेत्र भित्रका कृषक समुह/सहकारी लक्षित गरी खेती भइरहेका रैथाने/स्थानीय बाली तथा जातहरु, खेती गरिएको अनुमानित क्षेत्रफल तथा संलग्न कृषकको संख्या, स्थानीय/रैथाने बीउको माग तथा प्रयोगको अवस्था, बीउ उत्पादनको सम्भावना र बीउ संरक्षणका लागि भौतिक पूर्वाधारको अवस्थाका आधारमा समुह/सहकारी छनोट गरी कार्यक्रम संचालन गर्ने निर्णय गर्नु पर्नेछ।<br>• कार्यालयले सम्बन्धित स्थानीय तहसँग समन्वय गरी सम्बन्धित बालीको तथ्यांक संकलन गरी प्रोफायल प्रकाशन गर्नु पर्नेछ।<br>• बीउ बैंकमा भण्डारण गर्दा अनिवार्य रुपमा बीउको भण्डारण सम्बन्धी प्राविधिक मापदण्ड (चिस्यान/अन्य बीउको मिसावट/ढुङ्गा/माटो/टुक्रिएका बीउ) पुरा गरी Air Tight Jar मा राख्नुपर्नेछ र भण्डारण गर्ने Jar तथा दर्ता रजिष्टरमा बालीको नाम र जात, संकलन स्थान, संकलन वर्ष, उत्पादन गर्ने कृषकको नाम, बीउको तौल र बीउ बैंकमा राखिएको मिति अनिवार्य उल्लेख गरी स्टिकर टाँस्नु पर्नेछ।<br>• यस कार्यक्रम अन्तर्गत देहायका सामाग्रीहरु उपलब्ध गराउन सकनेछः-<br>➢ बीउ बैंक संचालन सम्बन्धी अभिमुखीकरण तालिम/गोष्ठी (शत प्रतिशत अनुदान)<br>➢ बीउ राख्ने ऱ्याक र स्टयाण्ड | यस कार्यक्रम अन्तर्गत सामाग्रीको कुल लागतमा ८५% अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ। |

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | | ➢ बीउ राख्ने Air Tight Jar/डिजिटल तराजु/ सिडबिन<br>➢ Tagging Sticker छपाई / बीउ दर्ता किताब<br>➢ बीउ संकलनका लागि साधारण प्लाष्टिकको प्याकेजिङ झोला/बोरा आदि | |
| ५१. | कृषि वस्तु ब्रान्डिङ प्याकेजिङ यन्त्र उपकरण तथा सामाग्री खरिद अनुदान सहयोग कार्यक्रम | • स्थानीय/विशिष्ट पहिचान भएको कृषि उपज (बाली/बस्तु) लाई प्राथमिकता दिनुपर्ने र मूल्य अभिवृद्धि भएको हुनुपर्नेछ।<br>• ब्रान्डिङ प्याकेजिङ गर्न प्रस्ताव गरिएको बालीको उल्लेखिय परिमाणमा उपलब्ध हुने सुनिश्चित हुनु पर्नेछ । | • कृषि उपज (बाली/बस्तु) ब्रान्डिङ प्याकेजिङ गर्न आवश्यक यन्त्र उपकरण तथा सामाग्री खरिद र ढुवानीमा लागतको ५० % अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ। |
| ५२. | व्यवसायिक कफी उत्पादक किसानलाई कफी प्रशोधन उपकरण सामाग्री खरिद अनुदान सहयोग कार्यक्रम | • यस कार्यक्रममा कृषक समूह/सहकारीको हकमा न्यूनतम ५० रोपनी निजी उद्यमी सामावेश हुन न्यूनतम १० रोपनी क्षेत्रफलमा कफी उत्पादन गरिरहेको हुनुपर्नेछ।<br>• समूह/सहकारी मार्फत प्रसोधन तथा ब्रान्डिङ्ग गर्नेलाई प्राथमिकता दिईनेछ ।<br>• यस कार्यक्रम अन्तर्गत देहायका सामाग्रीमा सहयोग उपलब्ध हुनेछः-<br>➢ कफी प्रशोधनका लागि आवश्यक पर्ने यन्त्र उपकरण, मेशिन( जस्तैः कफी पल्पिङ मेशिन ,डिस्टोनर,ड्राइङ बेड वा मिकानिकल ड्रायर, | यो कार्यक्रम अन्तर्गतका यन्त्र उपरकणमा कुल लागतको ५० % अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ। |

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | | ➢ हलिङ मेशिन ,सर्टिङ मेशिन,कफी रोस्टर, कुलिङ ट्रे, कफी ग्राइन्डर ,प्याकिङ मेशिन, ढुवानी आदि खरिद | |
| ५३. | जुट खेती प्रवर्द्धनका लागि प्रोत्साहन अनुदान सहयोग कार्यक्रम | • यस कार्यक्रममा सहभागी हुन न्यूनतम ५ कट्ठा क्षेत्रफलमा जुट खेती गर्नु पर्नेछ।<br>• जुट बालीको Knee High Stage मा अनुगमन गरी बालीको अवस्था सन्तोषजनक देखिएमा कार्यालयले प्रोत्साहन अनुदान उपलब्ध गराउनेछ। | प्रति कट्ठा अधिकतम रु. १०००/- प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिनेछ।<br>तर बजेटले खाम्ने भन्दा बढी निवेदन परेको अवस्थामा योग्य निवेदकलाई दामासाहीले प्रोत्साहन अनुदान उपलब्ध गराउन बाधा पर्ने छैन। |
| ५४. | बीउ उत्पादक समूह/सहकारीलाई बीउ प्रशोधन यन्त्र उपकरण खरिद अनुदान सहयोग कार्यक्रम | • यस कार्यक्रममा सहभागी हुन इजाजत प्राप्त बीउ उत्पादकले न्यूनतम ३ हेक्टर क्षेत्रफलमा बीउ उत्पादन गरि रहेको हुनु पर्नेछ।<br>• प्रचलित कानून बमोजिम बीउ उत्पादन वा प्रसोधन कारोबारको अनुमति लिएको हुन पर्नेछ। | बीउ प्रशोधनका लागि आवश्यक पर्ने यन्त्र उपकरण, मेशिन आदि खरिद, ढुवानी र जडानमा लाग्ने कुल लागतको ५० % अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ। |
| ५५. | रैथाने बाली (किवी/आलु/ एभोकाडो आदि) ब्रान्डिङ्ग सम्बन्धमा (कार्टुन/बोरा/कुशन आदि) | • यस कार्यक्रममा सामावेश हुन पहाडमा न्यूनतम ५ रोपनी र तराईमा १० कट्ठा क्षेत्रफलमा तरकारी/फलफूलको व्यावसायिक खेती गरेको हुनु पर्नेछ।<br>• समूह/सहकारी मार्फत ब्रान्डिङ प्याकेजिङ गर्ने लाई प्राथमिकता दिईनेछ। | कार्टुन/बोरा/प्लाष्टिक क्रेट लगायत अन्य ब्रान्डिङ्गमा आवश्यक पर्ने सामाग्री खरिदमा कुल लागतको ५० % अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ। |
| ५६. | अलैची प्रशोधनका लागि सुधारिएको भट्टी खरिद अनुदान सहयोग कार्यक्रम | • सुधारिएको भट्टी निर्माण तथा खरिद गर्दा ५० के.जी को १० एम.एम को रड, ५० के.जी. स्ट्रीप्स तथा २४० के.जी देखि २४५ के.जीको ड्रायर अनिवार्य रुपमा समावेश भएको हुनु पर्नेछ। | सुधारिएको भट्टी निर्माण तथा खरिद सम्बद्ध निर्माण सामाग्री खरिद, ढुवानी र जडानमा लाग्ने कुल लागतको अधिकतम ५०% सम्म |

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | | • सुधारिएको भट्टी निर्माण तथा खरिद गर्दा न्यनूतम २० रोपनी उत्पादनशील अलैंची बगैचा बराबर एएटा सुभारिएको भट्टी निर्माण गर्न सहयोग उपलब्ध गराउन सकिनेछ।<br>• समूह/सहकारी मार्फत सुधारिएको भट्टी जडान गर्नेलाई प्राथमिकता दिईनेछ । | अनुदान उपलब्ध गराउन सकिनेछ। |

३. <u>**मूल मापदण्डको दफा ४ मा संशोधनः**</u> मूल मापदण्डको दफा ४ को कार्यक्रम नं. ३ को ३.४ पछि देहायको कार्यक्रम नं. ३.५ थप गरिएको छः-

| सि.नं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| ३.५ | व्यवसायिक पशुपालन फार्ममा यान्त्रिकरण सहयोग | • साना व्यवसायिक गाईभैसी पालन फार्मः कम्तिमा १० वटा उन्नत दुधालु गाइभैसी पालन गरी कम्तिमा दैनिक ३० लिटर दुध उत्पादन गरेको हुनुपर्नेछ।<br>• मझौला व्यवसायिक गाईभैसी पालन फार्मः ११ देखि ३० वटा उन्नत दुधालु गाइभैसी पालन गरी कम्तिमा दैनिक ७० लिटर दुध उत्पादन गरेको हुनुपर्नेछ।<br>• ठूला व्यवसायिक गाईभैसी पालन फार्मः ३१ वटा उन्नत दुधालु गाइभैसी पालन गरी कम्तिमा दैनिक २०० लिटर दुध उत्पादन गरेको हुनुपर्नेछ।<br>• यस कार्यक्रमबाट आवश्यता पहिचान गरी निम्न अनुसारको मेशिनिरी औजार तथा उपकरणहरु खरिद गर्न सकिनेछः<br>१. Milking Parlour, milking machine<br>२. TMR/Feed mixer<br>३. Silage cutter/crusher<br>४. Power Chaffcutter<br>५. Fodder/Hammer mill<br>६. Milk Analyzer, milk pasteurizer, cream separator, milk boiler<br>७. Chilling Vat & generator, cold room<br>८. Transportation vehicle (Dairy & Meat purpose) | पशुपालन यान्त्रिकरणका लागि आवश्यक मेशिनरी औजार, उपकरणहरु खरिद गर्न कुल लागतको अधिकतम ५०% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ। |

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | | ९. Automatic Dung Scrapper<br>१०. Air circulator<br>११. Artificial Insemination (AI) Equipment's<br>१२. Knap sack<br>१४. Dung Dryer for organic manure<br>१५. Water Pump/ High-pressure washer/Jet water sprayer<br>१६. Cow Lifter | |

३. **<u>मूल मापदण्डको दफा ४ मा संशोधन:</u>** मूल मापदण्डको दफा ४ को कार्यक्रम नं. ४ को ४.८ पछि देहायको कार्यक्रम नं. ४.९ थप गरिएको छः-

| | | | |
|---|---|---|---|
| ४.९ | व्यवसायिक मत्सयपालन फार्ममा यान्त्रिकरण सहयोग | • तराईमा छ कठ्ठा जलाशय पुग्ने गरी निर्माण गरेको हुनुपर्नेछ।<br>• व्यवसायिक माछा पालनका लागि नेपाल सरकारले सिफारिस गरिएका माछाहरुको हकमा मात्र लागू हुनेछ।<br>• मत्स्य ह्याचरी तथा नर्सरीको हकमा ह्याचरी तथा नर्सरीसँग सम्बन्धित सम्बद्ध पूर्वाधार तथा आवश्यक पोखरी संख्या भएको हुनुपर्नेछ।<br>• यस कार्यक्रमबाट निम्न अनुसारको मत्स्य औजार तथा उपकरणहरु खरिद गर्न सकिनेछः<br>१. एरिएटर<br>२. सम्मरसिएवल मोटर<br>३. पेलेट दाना बनाउने मेशिन<br>४. अटोमेटिक फिडर मेशिन<br>५. मल्टिपारामिटर<br>६. Air Blower<br>७. Air Compressor<br>८. Venturi Aerator<br>९. Feed Spreader<br>१०. Feed Storage Bin<br>११. मोटर बोरिङ्ग सेट<br>१२. Water Filter<br>१३. सोलार बोरिङ्ग (Solar panel and boring set जडान सहित)<br>१४. Oxygen Cylinder with Regulator | मत्स्य यान्त्रिकरणका लागि आवश्यक मत्स्य औजार उपकरणहरु खरिद गर्न कुल लागतको अधिकतम ५०% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ। |

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | | १५. Water Analysis kit<br>१६. Weighing Machine<br>१७. Silpaulin pond liner<br>१८. Suction pipe<br>१९. Bird device control<br>२०. Grass Cutter | |

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री